# धार्चे गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम

धार्चे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

माछिखोला गोरखा

गण्डकी प्रदेश ।

# धार्चे गाउँपालिकाको
# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

**आदरणीय उपाध्यक्ष महोदय,**
**एवम् गाउँसभाका सदस्यज्यूहरु र राष्ट्रसेवक कर्मचारीहरु ।**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनुहुने सम्पुर्ण राजनैतिक दल, बुद्धिजिवीहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरु, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । राजनीतिक स्वतन्त्रता, प्रजातन्त्र, गणतन्त्रको लागि नेपाली जनताले पटक पटक संचालन गर्दै आएको जनआन्दोलन, सशस्त्र विद्रोह, सशस्त्र संघर्ष तथा जनयुद्ध लगायत सबै प्रकारका त्याग र वलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, देश र जनतालाई सार्वभौम र अधिकार सम्पन्न बनाउन विभिन्न ऐतिहासिक संघर्ष तथा आन्दोलनमा वलिदान प्रदान गर्नुहुने अमर वीर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

“सुन्दर, सुरक्षित, समृद्ध धार्चे” गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरुप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

नीति तथा कार्यक्रम निर्माणमा सल्लाह सुझाव प्रदान गर्नु हुने निर्वाचित गाउँसभाका सम्पूर्ण प्रतिनिधिहरु, विभिन्न राजनीतिक दलका नेताहरु समाजसेवी बुद्धिजीवि मित्रहरु, कर्मचारी मित्रहरु, सबैमा यस नीति तथा कार्यक्रममा आधारित रहेर विनियोजित रकम कार्यान्वयन गर्नमा सहयोग पुरयाउनु हुनेछ, भन्ने विश्वास लिएको छु। यहाँहरुको सल्लाह सुझाव एवं समन्वयले मात्रै हामी सुन्दर, सुरक्षित, सम्वृद्ध धार्चे निर्माण गर्न सक्नेछौ भन्नेमा हामी दृढ विश्वास लिएका छौ ।

**१. विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण प्रयास, अवसर तथा चुनौतीहरुः**

**(क) विद्यमान प्रयासहरुः**

१. गाउँपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुमा भएको कर्मचारीको अभावलाई करार सेवामा कर्मचारी भर्ना र काजमा कर्मचारी व्यवस्था गरि कार्यालय र अन्तर्गतबाट दिइने सेवा प्रवाहमा प्रभावकारी सुधार गर्ने प्रयास गरियो।

२. गत आर्थिक बर्ष देखी नै जिल्ला स्थित विद्युत, दुरसञ्चार कार्यालयसगँ समन्वय गरी विद्युत र इन्टरनेट सेवा सञ्चालनलाई यथावत गरी आरुघाट गाउँपालिकाको सोती खोला देखी माछाखोला सम्मको सडकलाई वर्षा याममा पनि मर्मत सम्भार गर्दै सर्वयाम नै गाउँपालिकाको केन्द्र माछाखोलाबाट धार्चे गाउँपालिकाको जनतालाई सेवा दिन सफल प्रयास गरियो ।

३. धार्चे गाउँपालिकाको केन्द्र माछिखोलामा मिति २०८० साल कार्तिक १९ गते गण्डकी प्रदेश सभाका माननीय सभामुख र स्थानीय सरकारबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरि गाउँपालिकाको विकास र समृद्धिमा प्रदेश सरकारको भूमिका सहयोग र समन्वय बारेमा छलफल गर्ने कार्यक्रम सम्पन्न गरियो ।

४. गोरखा जिल्लाका तीनवटा स्थानीय तहहरु धार्चे, आरुघाट र चुमनुब्री गाउँपालिकाको संयुक्त आयोजनामा उक्त गाउँपालिकाहरुभित्र जलविद्युतको संभावना, अनुमति लिएका कम्पनीको अवस्था र विद्युत उत्पादनमा विद्यमान समस्या सम्बन्धी संघिय सरकार, स्थानीय सरकार, हाइड्रो प्रवर्द्धक कम्पनि र सरोकारवालाहरु बिच अन्तर्क्रिया कार्यक्रम मिति २०८० साल चैत्र १० गते काठमाण्डौंमा सम्पन्न गरियो।

५. धार्चेमा पर्यटकीय सम्भावनालाई प्रचार प्रसार गरी प्रर्वद्धन गर्ने उद्धेश्यले वडा नं. ५ स्थित सिङ्लामा प्यारागलाईडिङ र वडा नं. ३ स्थित खोर्लाबेशीमा **चट्टान आरोहरण तथा आधारभूत तालिम** कार्यक्रम सम्पन्न गरियो।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न अभिमुखिकरण कार्यक्रम तथा तालिमहरु संचालन तथा व्यवस्थापन गरिएको ।

**(ख) विद्यमान अवसरहरुः**

१. धार्चे गाउँपालिका भिरालो पहाडी प्राकृतिक सम्पदा र जैविक विविधाताले भरिपूर्ण।

२. पर्यटन (कृषि पर्यटन, पर्यापर्यटन, साहसिक, साँस्कृतिक) विकासको प्रचुर सम्भावना।

३. जलस्रोतको उपयोगिता गरी विकास र जनताको रोजीरोटीसँग जोड्ने सम्भावना प्रचुर मात्रामा रहेको।
४. स्थानीय कृषि/पशुपालन उत्पादनहरुको ब्राण्डीङ्ग र बजारीकरण गर्न सकिए मनग्य आय आर्जन हुने ।
५. गैरकाष्ठ, वनपैदावारमा आधारित उद्योग स्थापना।
६. जडीबुटी तथा प्राकृतिक वस्तुको अध्ययन अनुसन्धानको लागि उपयुक्त ठाउँ।

**(ग) विद्यमान चुनौतिहरुः**

१. विकट भुगोलले गर्दा यातायातको विकास र सर्वयाम यातायात सुविधामा कठिनाई।
२. भिरालो पहाडी भुगोलमा वर्षेनी भुक्ष्यको प्रकोपले पूर्वाधारमा दिगो विकासको लागी अवरोध।
३. भौगोलिक दुर्गमताका कारण कर्मचारीहरुको दरबन्दीले पुर्णता नपाउनु।
४. जनप्रतिनिधि र कर्मचारीहरुलाई समय अनुसार सशक्तिकरण तथा परिचालन गर्दै जान नसक्नु।
५. आन्तरिक राजस्व संकलनको अवसरलाई सदुपयोग गर्न नसक्नु।
६. परम्परागत ज्ञान र सिपलाइ संरक्षण गर्दै, स्थानीय उत्पादित वस्तुहरुको बजारीकरणको अभाव हुनु।
७. कृषि तथा पशुपालनलाई आधुनिकिकरण, व्यवसायीकरण र विविधिकरण गर्न नसकिएको ।
८. वन, बुढीगण्डकीको जलाधार संरक्षणमा ध्यान नपुग्नु तथा समुदाय र गाउँपालिका विचमा आवश्यक समन्वयको अभावले गर्दा वनपैदावरलाई व्यावसायिक रुप दिन नसक्नु।
९. पालिकाको बीच भागमा भएर बग्ने बुढीगण्डकी नदी तथा त्यसको जलाधार क्षेत्रमा रहेका सहायक नदीहरुको दहत्तर बहत्तरको समयमा नै व्यवस्थापन गर्न नसक्नु तथा स्थानीय साना व्यावसायीलाइ दर्ता प्रक्रियामा समावेश गरि बजार अनुगमनलाई व्यवस्थित गर्न नसक्नु र वनपैदावरलाई करको दायरामा समावेश गर्न नसिकएको कारण राजस्व संकलनको लक्ष्य प्राप्ति हुन नसक्नु।

## २. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

नेपालको संविधान, २०७२ को धारा ५९, २२८, २२९, २३० तथा स्थानीय शासन सम्बन्धी उल्लेख भएको अन्य नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू, दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, संघ र प्रदेश सरकारको आगामी आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम साथै विभिन्न चरणको स्थानीय समुदायको सहभागितामूलक प्रक्रियाबाट आएको सल्लाह सुझावबाट गाउँपालिकाको शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने प्रतिवद्धता सहित यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

## ३. चालु आ.व.को हाल सम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरणहरुः

**(क) <u>सामाजिक विकासः</u>**

१. **<u>स्वास्थ्यः</u>** गण्डकी प्रदेश सरकारले स्वास्थ्य सेवा सम्बन्धी बनाएको मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रवाहको कार्य सम्पादन मुल्याङ्कन मापनमा यस गाउँपालिका प्रदेशमा १३ औ र गोरखा जिल्लाको पालिकाहरुमा तेश्रो स्थान हासिल गर्न सफल भएको छ । चालु आर्थिक बर्षमा समेत जेष्ठ नागरिक भेटघाट कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ। पालिकाका स्वास्थ्यकर्मीहरु जेष्ठ नागरिकहरुको घरदैलोमा पुगेर सेवा दिइने गरेको छ। लायन्स क्लब अफ गोरखाको प्राविधिक सहयोग तथा गाउँपालिकाको आर्थिक सहयोगमा धार्चे गाउँपालिकाको सबै वडाका २३ वटा विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको आँखा जाँच गरि १६० जना आँखाको दृष्टि सम्बन्धि समस्या देखिएका विद्यार्थीहरुलाई चस्मा वितरण गरियो । गाउँपालिकाको वडा नं. ३ खोर्लाबिशीस्थित सामूदायिक स्वास्थ्य इकाईमा दन्तरोग तथा उपचार व्यवस्थापन शिविर आयोजना गरि सातवटै वडाका ३२१ जना सेवाग्राहीहरुमध्ये ११४ जनालाई एक्स्ट्रेक्सन सेवा प्रदान गरियो । यसै आर्थिक बर्ष देखी गाउँपालिकाको वडा नं. २ स्थित लामाबेशीमा सामूदायिक स्वास्थ्य इकाई स्थापना गरि त्यस क्षेत्रमा नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यको सुरुवात गरियो । गर्भवती महिलाहरुको लागि ग्रामीण भिडियो एक्सरेको घुम्ती सेवालाई थप प्रभावकारी रुपमा संचालन गरिएको छ। महिलाहरुका लागि प्रजनन रुग्णता सम्बन्धि आङखस्ने समस्या भएकोलाई रिङप्रेसरी सेवा व्यवस्थापन, PID को उपचार र पाठेघरको क्यान्सर पत्ता लगाउनका लागि VIA Test सम्बन्धि स्वास्थ्य शिविर वडा नं. ४ ५ र ७ मा संचालन गरि ७७१ जनालाई सेवा दिईएकोमा ८ जना VIA test positive हरुलाई Thermocogulation द्धारा उपचार गरियो । आधारभूत स्वास्थ्य सेवा अन्तर्गतको P1 Programme को नियमित गुणस्तरीय खोप सेवा व्यवस्थित गराउन Coldchain व्यवस्थापनको लागि जेनेरेटर लगायत थप

Coldchain Refregarator व्यवस्थापन गरियो । स्वास्थ्य संस्थाहरुले दैनिक रुपमा सेवा प्रवाह सम्बन्धि कार्यहरुलाई सफ्टवेयर वेसमा अभिलेख तथा प्रतिवेदनलाई व्यवस्थित बनाउनका लागि स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गराउन HMIS-DHIS2 तालिम प्रदान गरियो । निस्वार्थ रुपमा धार्चेको विभिन्न टोल समूदायमा स्वास्थ्य सेवा प्रवाह गरिरहेका ५४ जना महिला सामूदायिक स्वास्थ्य स्वयम सेविकाहरुलाई मासिक समिक्षा बैठकको यातायात खर्च वापत रु ८०० र संचार खर्च वापत रु २०० गरि जम्मा मासिक १०००।— सहित प्रोत्साहन उपलब्ध गराउने कार्यको सुरुवात गरिएको ।HIV positive विरामीहरुलाई उपचार गर्न जाँदा यातायात खर्च प्रदान गरिएको छ । धार्चे गाउँपालिका र छायाँ नेपालको साझेदारीमा निर्माणधिन ५ बेडको आधारभूत अस्पतालको निर्माण कार्य यहि आ.व.मा करिव सम्पन्न हुने अवस्थामा रहेको छ ।

२. **शिक्षा:** शिक्षा तथा मानव विकास श्रोत केन्द्र र यूनेस्को नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा गाउँपालिकाको १० वर्षे दिर्घकालिन सोच सहित पाँच वर्षीय शिक्षा योजना निर्माण भई कार्यान्वयनको अवस्थामा छ । प्रधानाध्यापक, शिक्षक तथा लेखा कर्मचारीहरुलाई EMIS तथा ETDS प्रविष्ट सम्बन्धी २ दिने तालिम र कक्षा १-३ को विद्यार्थी मूल्याङ्कन सम्बन्धी १ दिने तालिम सञ्चालन गरेको । समयमा शिक्षक कर्मचारीहरुको तलब तथा अन्य शीर्षकका रकम विद्यमलयको खातामा निकासा भएको । विपन्न लक्षित छात्रवृत्ति लगायत अन्य सबै खाले छात्रवृत्ति रकमहरु विद्यार्थीहरुलाई वितरण गरेको । संघीय विशेष अनुदानमा मेगा विद्यालयको होस्टेल निर्माणको लागि गत आ.व.मा ठेक्का सम्झौता भई निर्माण कार्य निरन्तर भईरहेको छ । धार्चे गाउँपालिका र PTN Nepal को साझेदारीमा पार्वति आ.वि. उहियामा ६ कोठे भवन र गणेश हिमाल आ.वि. दोभानमा ४ कोठे भवन निर्माणाधिन रहेको छ । नमस्ते गुम्दाको आर्थिक सहयोगमा सूर्योदय मा.वि. गुम्दामा ६ कोठे छात्रावास निर्माण सम्पन्न भएको । धार्चे गाउँपालिका र गणेश हिमाल एशोशियसनको साझेदारीमा केरौजा मा.वि.को छात्रावास मर्मत र तातोपानी आ.वि.को भवनको कक्षा कोठा र शौचालय निर्माणाधिन रहेको छ । ध्रुव कुमार श्रेष्ठको एकल पहलमा वडा नं. ७ को विभिन्न विद्यालयहरु र वडा नं. ३ को पार्वती आ.वि.को बाल विकास कक्षाकोठा लगायत अन्य भौतिक संरचनाहरुको स्तरोन्नति गरेको । एकीकरण नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मञ्जुश्री मा.वि., कालरात्री मा.वि., प्रभात किरण मा.वि. र जनजागृति मा.वि.का ६/६ जना शिक्षकहरुलाई क्षमता विकास तालिम सञ्चालन गरेको । गुड नेबर्स इन्टरनेश्नलको आर्थिक तथा प्राविधिक सहयोगमा वडा नं. ४, ५ र ६ का विभिन्न विद्यालयहरुका स्पोन्सरसिप विद्यार्थीहरुलाई शैक्षिक सामग्री लगायत अन्य सामग्रीहरु वितरण तथा बालकक्षा सहजकर्ताहरुलाई ३ दिने क्षमता अभिवृत्ति तालिम सञ्चालन गरेको । श्री मनास्लु ग्रामिण विकास समाज नेपालको सहयोगमा इच्छा आ.वि. र गण्डकी मा.वि.मा शिक्षकहरुलाई ICT तालिम सहितको Luma Softwere पुस्तकालय स्थापना तथा इच्छा आ.वि.को बाल विकास कक्षाकोठाको स्तरोन्नति गरेको । सम्भव नेपाल लगायत विभिन्न संघसंस्थाहरुले विद्यार्थीहरुलाई सरसफाइ तथा स्यानिटरी प्याड, ड्रेस, ट्याकसुट, झोला लगायत अन्य शैक्षिक सामग्रीहरु वितरण गरेको । गरिव तथा जेहेन्दार विद्यार्थीलाई दिईने छात्रवृत्तिलाई कार्यक्रमलाई कार्यविधि बनाई निरन्तरता दिईएको छ । गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयका प्र.अ. तथा शिक्षकहरु सहितको पाठ्यपुस्तक लेखन टोलिले कक्षा २ को स्थानीय पाठ्यपुस्तक तयार गरिएको छ । शिक्षाको गुणस्तर र सिकाई उपलब्धिको लागि अन्य कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

३. **न्यायिक समिति:** मेलमिलापकर्ताहरुको लागि ३ दिने पुनर्ताजगी तालिम सञ्चालन गरिएको, न्यायिक समिति र मेलमिलापकर्ताको लागि ७ दिने अध्ययन भ्रमणका लागि काठमाडौं महानगरपालिका, वाणगंगा नगरपालिका र पालुङटार नगरपालिकाहरुका न्यायिक समितिको कामकारवाहीको अध्ययन, अवलोकन गरिएको साथै गोरखा जिल्ला अदालतको न्यायिक कार्यसम्पादनको समेत अध्ययन, अवलोकन गरिएको थियो । न्यायिक समिति र मेलमिलापकर्ताहरुका लागि पोशाकको व्यवस्था गरिएको । सातवटै वडाहरुमा न्यायिक समिति, प्रहरी, मेलमिलापकर्ता र सरोकारवाला समूदायहरुबीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको ।

## (ख) भौतिक पूर्वाधार विकास:

### १. सडक:

गत बर्षको बर्षाको समय देखी नै गाउँपालिकाको केन्द्र देखी आरुघाट सम्मको सडकलाइ पालिकाको पहलमा बर्षा याममा पनि सञ्चालन गर्ने प्रयास गरिएको छ। केरौंजा लामाबेशि माछिखोला २ कि.मि. को नयाँ ट्र्याक जोडिएको, रुन्चेत कमन सडक १.९८ कि.मि. उहिया माथिल्लो गाउ २०० मि. र रेसे गुम्दा जोड्ने नयाँ ट्र्याक ४.६ कि.मि.. काशिगाउँ सर्जनबेशि सडक ३ कि. मि., ठाँटि मोटरबाटो १.८ कि.मि. र भिसि थमन मार्ग १ कि.मि. गरि कुल १४.५८ कि.मि. नयाँ ट्र्याक खोलिएको छ । खोर्लाबेशी र नौलिखोलामा ह्युमपाईप राखी हिउँदयाममा सवारी साधनको आवतजावतलाई

सहज र सरल बनाईएको छ । अन्य थुप्रै सडकहरुको स्तरोन्नतिको सुरुवात गरिएको छ । खेलकुद विकासको लागि खेलकुद ग्राउण्डहरुको निर्माण शुरुवात गरिएको छ । गोरेटो बाटोको विकासलाई व्यवस्थित गर्न शुरुवात गरिएको छ । सामुदायिक भवनहरु बहुउद्धेश्यीय किसिमले प्रयोग गर्ने गरी निर्माणको शुरुवात गरिएको छ ।

२. <u>खानेपानी र सिंचाई:</u>

संघीय विशेष अनुदानमा रुन्चेत खानेपानी आयोजना र माछिखोला खानेपानी आयोजनाको ठेक्का सम्झौता भई निर्माण कार्य सुरु भएको छ । प्रदेश विशेष अनुदानमा केरौजा खानेपानी योजनाका लागि खानेपानीका पाईप खरिदको कार्य सम्पन्न भएको छ । गुप्सीपाखा खानेपानी आयोजनाको मर्मत गरि खानेपानी सुचारु गरिएको छ ।हिमालय यात्रा संस्थाबाट भिरकुना लामावेशिमा केहि साना खानेपानी योजना सम्पन्न भएका छन ।

(ग) <u>आर्थिक विकास:</u>

१. <u>कृषि तथा पशु विकास:</u>

यस धार्चे गाउँपालिका आलु उत्पादनमा प्रचुरता रहेकोले उत्पादित आलुलाई सुरक्षित भण्डारण गर्नका लागि वडा नं. ५ गुम्दामा १६५ टन क्षमताको आलु कोल्डस्टोर निर्माण सम्पन्न भएको । केरौजा र रुन्चेतमा आलु पकेट क्षेत्र अन्तर्गत रष्टिक हाउस निर्माण गरिएको । संघीय शसर्त कार्यक्रमबाट गत वर्षमा बाँकी रहेका वडा नं. १,२,३ र ६मा किसान सुचिकरण कार्यक्रम गरि १,३३५ जना किसानको लगत संकलन गरिएको । प्राङ्गरिक खेतिलाई टेवा पुर्याउनका लागि कम्पोष्ट मल निर्माण र वनस्पति विषादि झोल मल निर्माण सम्बन्धि तालिम सातवटै वडाहरूमा संचालन गरिएको । हिउँदे तथा वर्षे उन्नत जातका तरकारीका विउविजन वितरण गरि तरकारी खेतिमा प्रोत्साहन गरिएको । जडिबुटिका वेर्ना अन्तर्गत ५,६५२ वटा टिमुरका बेर्ना खरिद गरि वितरण गरिएको ।वेसौमी खेती तर्फ किसानहरुलाई थप आर्कषीत गर्ने हेतुले सबै वडाका ४२ जना कृषकहरुलाई प्लाष्टिक टनेल वितरण गरिएको । धार्चे गाउँपालिकाका कृषकहरुको मुख्य आयस्रोतको रुपमा मानिएको भेडा पालन गर्ने कृषकहरुलाई लक्षित गरि भेडापालन तालिम संचालन गरिएको । विभिन्न संक्रामक रोगहरुले पशुहरुमा आघात पुऱ्याउने कुरालाई मध्यनजर गरी ७ वटा वडाको पशुहरुमा पुर्णखोप कार्यक्रम संचालन गरिएको । ऊन प्रसोधनमा प्रयोग हुने कैंची, चर्खा तथा कोरेसो वितरण गरिएको ।घाँस खेती प्रवर्द्धन गर्ने हेतुले डाले घाँसको वेर्ना वितरण गरिएको ।

२. <u>उद्योग तथा पर्यटन:</u>

नेपाल पर्यटन बोर्डसँगको साझेदारीमा तल्लो मनास्लु क्षेत्र पर्यटन पदमार्ग निर्माण माछिखोला र खोर्लाबिशीमा डम्पिङ साईड निर्माण र विभिन्न २५ ठाउँमा पर्यटन नक्साङ्कन संकेत चिन्ह/वोर्ड राखीएको ।निस्राङ छो पथ मार्ग निर्माण गरिएको ।पर्यटन प्रर्वद्धनका लागि प्यारागलाईडिङ तथा रक क्लाइम्पिङ कार्यक्रम सम्पन्न गरिएको । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँग साझेदारीमा धार्चेको ऐतिहासीक, साँस्कृतिक, सामाजिक तथा प्राकृतिक सौन्दर्य झल्किने गरी विभिन्न ४० वटा धार्चे चित्रकला निर्माण गरियो ।

३. <u>सहकारी तथा रोजगारी सिर्जना:</u>

सहकारी संस्थाहरुको संचालक समिति र कर्मचारीलाई ३ दिने सहकारी सिद्धान्त तथा व्यवस्थापन र COPOMIS प्रणाली तालिम संचालन गरिएको ।गाउँपालिकाका ७ वटै वडाहरुमा २५३ नयाँ वेरोजगारहरुको तथ्याङक संकलन गरी बेरोजगारी सूचना प्रणालीमा प्रविष्ट र १३५८ वेरोजगारीको नविकरण गरी जम्मा १६११ जना वेरोजगारी सुचीकृत गरीएको । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट १३९ जनालाई वेरोजगारीलाई १०० दिनको रोजगार प्रदान गरीएको ।गरिबी निवारणको लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रमबाट उद्यमशिलता तालिम ४० जना, आधारभूत सिलाई कटाई तालिम १० जना, स्तरोन्नती एडभान्स सिलाई कटाई तालिम १५ जना, प्रविधि हस्तान्तरण अन्तर्गत ८ जनालाई ८ थान सिलाई कटाई मेसिन र ६ थान इलेक्ट्रोनिक आइरन वितरण, तरकारी खेती तालिम ११ जना र २ जनालाई प्लाष्टिक टनेल र हजारी वितरण गरिएको ।

(घ) <u>वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन:</u>

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएको छ । दिगो फोहर ब्यवस्थापनका लागि डम्पिङ साइट निर्माण गरी फोहोर व्यवस्थापनको थालनी भएको छ । संविधान दिवस (असोज ३) २०८० का अवसर पारेर **Clean & Green Machhikhola** अभियान अन्तर्गत हरेक हप्ताको शनिवार माछिखोला बजार सरसफाई गरि स्वच्छ सफा र हरियाली कायम गर्ने प्रयास गरिएको । वडा नं. ४ मा वृक्षारोपण गरिएको, विभिन्न पहिरो नियन्त्रणका लागि कार्य गरिएको, विपद् व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरु खरिद गरी भण्डारण गरिएको । बाढि पहिरोबाट क्षति हुने सडक तथा बाटो

तत्काल खुलाई सवारी तथा मानवीय आवतजावतलाई सरल र सहजता ल्याउनका लागि जेसिभि मेसिन खरिद गरिएको छ ।

(ङ) **संस्थागत विकास र सुशासनः**

जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई २ दिने सार्वजनिक खरिद सम्बन्धि अभिमुखिकरण तालिम, प्राविधिक जनशक्तिलाई खरिद तथा e-biding सम्बन्धि ५दिने तालिम, महिलाहरुको शसक्तिकरणका लागि ५ दिने आधारभुत उदघोषण तालिम, मेलमिलापकर्ताहरुको लागि ३ दिने पुणताजार्की तालिम, न्यायीक समिति र मेलमिलापकर्ताको ५ दिने अध्ययन भ्रमण, उपभोक्ता समितीका लागि अभिमुखीकरण तालिम, शान्ती सुरक्षा र समन्वय सम्बन्धी अभीमुखीकरण तालिम, स्वास्थयकर्मीको क्षमता विकासका लागि विभिन्न तालिमहरु, धार्चेका शिक्षित वेरोजगार युवाहरुलाई लोकसेवा प्रति आकर्षण जगाउनको लागी ७ दिने निःशुल्क लोकसेवा तयारी कक्षा संचालन गरिएको ।

**४. आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरूः**

आ.व. २०८१/०८२ को मुख्य प्राथमिकतामा शिक्षा, स्वास्थ्य, सडक स्तरोन्नति, कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, जलविद्युत तथा स्वरोजगार रहेको छ ।

**क. सामाजिक विकासः**

१. शैक्षिक नीति स्थानीय पाठ्यक्रम तथा योजना तर्जुमा ।
२. विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री ।
३. गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति ।
४. भर्ना अभियान घरदैलो कार्यक्रम ।
५. शिक्षक, विद्यार्थी र अभिभावक वीच अन्तरक्रिया तथा तालिम व्यवस्थापन।
६. गाउँपालिका/नगरपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद ।
७. सूचना प्रविधि तथा कम्प्युटर ल्याव ।
८. प्राविधिक शिक्षालयको स्थापना ।
९. कम्तिमा १० बेडको अस्पताल स्थापना ।
१०.स्वास्थ्य संस्थाको पूर्वाधार विकास ।
११.स्वास्थ्य बिमाको पहुँच विस्तार ।
१२.विज्ञहरूद्वारा स्वास्थ्य शिविर संचालन ।
१३.खानेपानीको लागी एक घर एक धाराको अभियानमा खानेपानी तथा सरसफाईमा पहुँच बृद्धि।
१४.फोहोर व्यवस्थापनको लागी ल्यान्डफिलसाइटको खोज र निर्माण
१५.खानेपानी प्रसोधन सम्बन्धि संरचना निर्माण ।
१६.लैससास नीति तर्जुमा तथा समायोजन, संशोधन ।
१७.लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदाय सम्बन्धि खण्डीकृत तथ्याङ्क तथा अभिमुखीकरण।
१८.महिला सशक्तिकरण कार्यक्रम, नेतृत्व विकास तालिम, अभिमूखिकरण ।
१९.आयआर्जन तथा रोजगारी मुलक कार्यक्रम तथा सम्बन्धित तालिम
२०.लैंङ्गिक विभेद, हिंसा तथा शोषण, बालबिबाह रोकथामका लागि अभिमुखीकरण एवं सचेतनामूलक कार्यक्रम।
२१.ज्येष्ठ नागरिक सम्बन्धी नीति, समायोजन, निर्माण तथा संशोधन ।
२२.अपाङ्गमैत्रि, बालबालिकामैत्रि, महिलामैत्रि भौतिक संरचना निर्माण ।
२३.अपाङ्गता भएकालाई आवश्यक सहयोगि सामाग्री, कृतिम अङ्ग प्रदान ।
२४.सामाजिक सुरक्षा, सामाजिक संरक्षण ।
२५.युवाको क्षमता विकास तथा रोजगारी कार्यक्रम ।
२६.गाउँपालिका स्तरीय, खेलकुदस्थल निर्माणको शुरुवात ।
२७.खेलकुद पूर्वाधारको विकास तथा उत्कृष्ट खेलाडी सम्मान।
२८.समुदायमा कल्याणकारी कोषको व्यवस्था गरी आयआर्जनमा वृद्धि।
२९.न्यायिक समितिको काम कारवाहीमा प्रभावकारिता।
३०.भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन।

**ख. <u>आर्थिक विकासः</u>**

१. स्थानीय आर्थिक विकास योजना तयार गर्ने ।
२. व्यावसायिक कृषि पकेट क्षेत्र निर्धारण । *(आलु क्षेत्र, कफी उत्पादन क्षेत्र, सिलम, किवि उत्पादन क्षेत्र, तरकारी उत्पादन क्षेत्र रैथाने बालीहरु)*
३. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै उत्पादनमा अनुदान ।
४. उन्नत पशुपालन पकेट क्षेत्र निर्माण ।
५. भिरालो जमिनमा टनेल फार्मिङ तथा व्यावसायिक तरकारी खेती (मौसमी, बेमौसमी)
६. व्यावसायिक पशुपालन ।
७. व्यावसायिक ट्राउट र अन्य जातको माछापालन।
८. कृषि उत्पादन संकलन केन्द्रहरूको निर्माण कृषि उत्पादनको बजारीकरण ।
९. पर्यटन विकास गुरूयोजना निर्माण ।
१०. धार्मिक, भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण ।
११. औद्योगिक ग्राम स्थापना ।
१२. स्थानीय उत्पादनको ब्राण्डिङ्ग तथा उत्पादनको बजारीकरण।
१३. सहकारी ऐन अनुसार सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन, सञ्चालन।
१४. व्यावसायिक कृषि तथा पशुपालनमा सहकारीको लगानी।
१५. श्रम सहकारी मार्फत योजना कार्यन्वयन ।
१६. श्रम र श्रमको माग सम्बन्धी अभिलेखन ।
१७. रोजगार सूचना केन्द्र स्थापना ।
१८. आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन ।
१९. व्यावसायिक सीप विकास तालिम सञ्चालन ।
२०. वैदेशिक रोजगारमा गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवा।
२१. जडिबुट्टीको अध्ययन अनुसन्धान र व्यावसायिकरण।
२२. परम्परागत ज्ञान र सिपलाइ सम्रक्षण गर्दै आधुनिकिकरण।

**ग. <u>भौतिक पूर्वाधार विकासः</u>**

१. यातायात गुरु योजना निर्माण।
२. सडक मापदण्ड तयार गरी पालिका भित्रको सडकको वर्गीकरण।
३. सडक, गोरेटो बाटो, पदमार्गहरूको मर्मत तथा स्तरउन्नति।
४. भुक्ष्यको कारणले जोखिममा रहेका बस्तीहरुको स्थानान्तरण।
५. स-साना झो.पु. हरू, कल्भर्टहरु निर्माण।
६. पर्यटकिय पदमार्गहरूको निर्माण तथा स्तरोन्नति ।
७. सडकपुलहरूको अध्ययन ।
८. भवनको संहिताको कार्यन्यनमा जोड।
९. सार्वजनिक जग्गा र भवनहरूको लगत संकलन र अभिलेख व्यवस्थापन ।
१०. ढल निकासको व्यवस्था।
११. अपाङ्ग मैत्री संरचनाको निर्माण ।
१२. सार्बजनिक भवनहरूको लगत राखी अभिलेखीकरण ।
१३. सामुदायिक भवन निर्माण ।
१४. स्थानीय प्राविधिकलाई प्रविधि सम्बन्धी तालिम ।
१५. साना सिँचाइ निर्माण ।
१६. गाउँपालिकाको जल उपयोग गुरुयोजना ।
१७. बुढीगण्डकी जलाधार संरक्षण तथा नदि नियन्त्रण ।
१८. पहिरो नियन्त्रण तथा व्यवस्थापन ।
१९. सुधारिएको चुलो निर्माण र सुरक्षित विद्युत् प्रयोग गर्न चेतना अभिवृद्धि ।

**घ. <u>वन, वातावरण तथा जलवायु परिवर्तन:</u>**

१. सामुदायिक वनको लगत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति,
२. वन, पैदावार व्यवस्थापन,
३. जैविक विविधता संरक्षण,
४. अन्त र निकाय, अन्तर तह समन्वय र सहकार्य,
५. भू तथा जलाधार संरक्षण,
६. फोहरमैला व्यवस्थापन,
७. नर्सरी स्थापना।
८. वृक्षरोपण क्षेत्रको पहिचान।
९. निजी वनलाई प्रोत्साहन।
१०.पानी पोखरीहरूको सम्रक्षण।
११.जलवायु परिवर्तन अनुकुलन योजना निर्माण।
१२.सुरक्षित, एकीकृत, बस्ती/आवास क्षेत्र पहिचान।

**ङ. <u>सुशासन तथा संस्थागत विकास:</u>**

१. कानून, नियम, कार्यविधि र मापदण्डहरू निर्माण/पुनरावलोकन।
२. सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता।
३. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास ।
४. सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण।
५. पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि ।
६. सस्थागत स्व-मूल्यांकन ।
७. घुम्ती सेवा।
८. संगठन तथा व्यवस्थापनको पुनरावलोकन ।
९. प्रविधिमैत्री सूचनाको सञ्जालीकरण।
१०.सघं र प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने।
११.न्यायिक समितिको काम कारवाहिलाई प्रभावकारी बनाउने ।

**५. आगामी आ.व. २०८१/०८२ का प्रमुख नीति तथा कार्यक्रमहरू:**

**(क) <u>सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रम:</u>**

**<u>शिक्षा:</u>**

१. ***म बनाउछु मेरो विद्यालय मेरो सन्ततिका लागि*** भन्ने मुल उदेश्यका साथ सामुदायिक निद्यालयहरुमा विद्यार्थीको सिकाइमा परिवर्तन गर्न र गुणस्तरीय शिक्षाको कार्यक्रम मध्यनजर गर्दै शिक्षा तथा मानव विकास स्रोत केन्द्र र यूनेस्को नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको धार्चे गाउँपालिकाको शिक्षा योजनालाई कार्यान्वयन गरिनेछ ।
२. राज्यको स्रोत साधानलाई सदुपयोग हुने गरी सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या र तहगत विद्यालय सञ्चालनका आधारमा शिक्षक दरबन्दी मिलान तथा विद्यालय मर्ज गरिनेछ । दरबन्दी मिलान पश्चात नपुग हुन आउने दरबन्दीमा पालिकाबाट थप शिक्षकको व्यवस्था गरिनेछ ।
३. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरु, विद्यालय सम्बद्ध पदाधिकारीहरु, सरकारी तलबभत्ता खाने कर्मचारी र जनप्रतिनिधिहरुको छोराछोरी अनिवार्य सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने व्यवस्था मिलाइने छ ।
४. धार्चेको भूगोल र विद्यालय व्यवस्थापनको लागि आवासिय छात्राबास कार्यक्रमलाई थप प्रभावकारिताको लागि नियमन र आवश्यकताका आधारमा पुनर्वितरण गरिनेछ ।
५. स्थानीय तहले सञ्चालन गर्ने स्तर मापन परीक्षाहरु, आधारभूत तह उत्तीर्ण परीक्षा एवं माध्यमिक तह उत्तीर्ण परीक्षा थप मर्यादित तथा उपलब्धिमूलक बनाउन आवश्यक बजेट बिनियोजनलाई निरन्तरता दिइनेछ ।
६. BLE र SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यालय, विद्यार्थी र विषय शिक्षकलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
७. सामुदायिक विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावक बीचमा समन्वय गराई समुदायले विद्यालयको शैक्षिक गुणस्तर बुझ्नु पर्ने भएकोले वि.व्य.स., अभिभावक तथा विषयगत शिक्षकहरुको तालिम सञ्चालन गरिनेछ ।

८. अतिरिक्त क्रियाकलाप, शैक्षिक प्रदर्शनी, परीक्षामा एकरुपता, शैक्षिक क्यालेण्डर, विद्यालयहरुलाई गुणस्तर सुधारका योजनाहरुको सञ्चालनलाई निरन्तरता दिइनेछ ।

९. विद्यालय स्तरीय विविध खेलकुद प्रतियोगिताहरु सञ्चालमा जोड दिइनेछ ।

१०.विद्यार्थीसँग अध्यक्ष भेटघाट तथा विद्यार्थीहरुसँग प्रत्यक्ष साक्षत्कार कार्यक्रम र कृषिसँग विद्यार्थी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११.विद्यालय क्षेत्रबाट १०० मिटर वरिपरि सुर्तिजन्य एवम् मादक पदार्थको बिक्रि वितरण तथा प्रयोगलाई पूर्ण रुपमा निषेध गरिनेछ ।

१२.विद्यालयहरुमा दिवा खाजाका रुपमा स्थानीय खाद्यन्न एवम् परिकारलाई प्रयोग गर्न प्रोत्साहन गर्न जंकफुडको प्रयोगलाई निषेध गरिनेछ ।

१३.सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणा बमोजिम शिक्षा क्षेत्रलाई अगाडि बढाइनेछ । विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा **"झिकाउने, सिकाउने र टिकाउने"** कार्यलाई प्रोत्साहनमूलक कार्यक्रमसहित अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१४.सामुदायिक विद्यालयमा **"करियर काउन्सेलिङ्ग"** र विद्यालयहरुमा मिडिया साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.स्थानीय पाठ्यक्रमको क्रमशः कक्षागत व्यवस्था मिलाउँदै लगिनेछ ।

१६.शिक्षाको आधार स्तम्भको रुपमा रहेको प्रारम्भिक बाल विकास तथा आधारभूत तहको पहिलो चरण कक्षा (१—३) हरुको स्तरोन्नति तथा शिक्षक तालिम र शैक्षिक सामग्रीका साथै सूचना प्रविधि (ICT)को प्रयोग र कक्षाशिक्षणलाई विशेष जोड दिइनेछ ।

१७.विद्यालय सम्बद्ध पदाधिकारीहरु तथा सरोकारवालाहरुको लागि विद्यालयलाई व्यवस्थित सञ्चालन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

१८.शिक्षामा लैङ्गिक समानतालाई जोड दिन छात्राहरुलाई माथिल्लो कक्षा अध्ययन गर्न र टिकाउन छात्रवृत्ति लगायत अन्य क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१९.सबै वडालाई सहज हुने स्थानमा प्राविधिक विद्यालय र विज्ञान संकाय(+2 विज्ञान) जस्ता बहुविषय अध्ययन हुने आवासीय व्यवस्था सहितको +२ कक्षा सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ ।

२०.मेघा विद्यालयको निर्माण कार्यलाई छिटो सम्पन्न गर्न पहल गरिनेछ । चाइल्ड फन्ड जापानको आर्थिक सहयोग र एकिकरण नेपाल गोरखाको व्यवस्थापनमा मेघा विद्यालयको ८ कोठे भवन आगामी आ.व.मा सम्पन्न गरिनेछ ।

**स्वास्थ्य :**

१. आधारभुत तथा गुणस्तरीय उपचारात्मक स्वास्थ्य सेवा पहुँच वढाउन धार्चे गाउँपालिका र छाँया नेपालको साझेदारीमा निर्माण गरीएको खोर्लाविशी अस्पताललाई ५ वेडको धार्चे आधारभुत अस्पतालको रुपमा सेवा सुचारु सहित संचालन गर्न पुर्वाधार निर्माण सम्पन्न गरी स्वास्थ्य सामाग्री र मानव शंसाधनको व्यवस्थापनमा आवश्यक वजेट व्यवस्था गरिनेछ ।

२. आधारभुत स्वास्थ्य सेवाको पहुँच पुर्याउन कठिन भएका समुदायहरुमा संचालन गरीएको समुदायिक स्वास्थ्य ईकाईहरु निरन्तर संचालनको लागि करार सेवामा कर्मचारी नियुक्ति तथा म्याद थप गरी सेवा प्रवाहलाई निरन्तर दिईनेछ ।

३. आम नागरिकहरुको स्वास्थ्यलाई विशेष ध्यानमा राखी आधारभुत तथा गुणस्तरीय सेवा सुनिश्चितताको लागि Stantdart Treatment Protocol (STP) For Basic Health Service (BHS) Pacage 2078 अनुसार ९८ प्रकारका आधारभुत तथा अत्यावाश्यक औषधी, स्वास्थ्य सामाग्री खरीद तथा आपुर्ती व्यवस्थापन कार्यलाई निरन्तरता दिई थप वजेटको व्यवस्था गरिनेछ र बैकल्पिक चिकित्सा (आयुर्बेद, प्राकृतिक चिकित्सा, शरिरीक व्यायाम, योगा शिक्षा) प्रबर्धन गर्न विद्यालय र समुदायमा केन्द्रित वनाई अयुर्वेद नागरीक आयोग्य केन्द्रलाई परिचालन गरिनेछ ।

४. ६८ बर्ष माथिका जेष्ठ नागरिक अपाङ्गता भएका तथा अशक्त नागरिक अति विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार सेवा र परामर्श सेवालाई निरन्तरता दिन घर घरमा नै स्वास्थ्य सेवा प्रवाह गर्न जेष्ठ तथा अशक्त नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम निरन्तर सन्चालन गरिनेछ।

५. नेपाल संघिय सरकारको शून्य होम डेलिभरी को नीति अबलम्बन गर्दै प्रोटोकल अनुसारको गर्भवती परिक्षणलाई थप प्रभावकारी वनाई, सुत्केरी सेवालाई सुदृढीकरण गरी संस्थागत प्रसुती हुने दरलाई वढावा दिन वर्थिङ सेन्टरमा सुत्केरी भान्सा घर (आमा घर) व्यवस्थापान गरी पौष्टिक खानपानको व्यवस्था मिलाईनेछ र स्वास्थ्य चौकीको वर्थिङ सेन्टर सम्म आउने र जाने साथै जटिलता भइ रेफर गर्नु परेमा र नवशिशुमा जटिलता भई अस्पताल जानु परेमा एम्बुलेन्स सेवा निशुल्क गरिनेछ। धार्चे गा.पा. भौगोलिक रुपमा अति विकट रहेकोले जटिलतायुक्त गर्भवती, सुत्केरी, नवजात शिशु जीवन रक्षाको लागि एयर रेस्क्युको प्रवन्ध मिलाई सुविधा सम्पन्न अस्पतालमा पुर्याईनेछ।

६. विभिन्न समुदायमा रहेका नागरिकहरुको आँखा र दाँत सम्बन्धि स्वास्थ्य समस्याहरुको समयमै निदान गरि उपचारको दायरामा ल्याउन आँखा जाँच तथा दन्त रोग परिक्षण तथ उपचार व्यवस्थापन गर्न समुदाय केन्द्रित निशुल्क स्वास्थ्य शिविर सन्चालन गरिनेछ।

७. स्वास्थ्य संस्थाले दैनिक रुपमा सेवा प्रवाह गर्दै आएका स्वास्थ्य सेवाहरुको मासिक प्रगती प्रतिवेदन अर्धवार्षिक वार्षिक समिक्षा कार्यक्रम संचालन गर्नको लागि 4R (Record,Recognize,Regulate & Reporting ) निति कार्यान्वयन गर्न र HMIS/DHIS2, eLMIS, eTB, SORMAS, FHP, Dizitization जस्ता Health का Software सम्वन्धी स्वास्थ्यकर्मीहरुलाई तालिम संचालन गर्नुको साथै, Labtop र Internet व्यवस्थापन गर्नका लागि वजेट व्यवस्थापन गरिनेछ।

८. धार्चेका विभिन्न सामुदायहरुमा निश्वार्थ रुपले स्वास्थ्य सेवा र परामर्शको कामकाजमा ताल्लिन महिला सामुदायिक स्वास्थ्य स्वंम सेविकाहरुको सेवाको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ र उत्कृष्ट महिला साममुदायिक स्वास्थ्य स्वयमसेविका हरुलाई पुरष्कृट गर्न वजेट व्वस्था गरिनेछ।

९. धार्चेका एच.आई.भी पोजेटिभ ए.आर.टी.को उपचारमा रहेका विरामीहरुलाई नियमित उपचार फलोअफ व्यवस्थापनको लागि ए.आर.टी. उपचार यातायात खर्च व्यवस्थापन कार्यलाई निरन्तर दिईनेछ।

१०.नसर्ने रोगहरुको बृद्धि भइरहेको बर्तमान परिप्रेक्षमा उच्च रक्तचाप मधुमेह मुटु रोग ,मृगौला रोग, मानसिक स्वास्थ्य क्यान्सर लगायतका घातक रोगहरु समयमै पहिचान र निदान गरि उपचारको दायरमा ल्याउन र थप बिग्रन नदिन Mass screening बिशेष कार्यक्रम तथा स्वास्थ्य शिविरहरु प्रभावकारी रोकथाम नियन्त्रण र व्यवस्थापनका लागि एकीकृत जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

११.पालिकाको मातृ तथा नवशिशु मृत्युदरलाई न्युनिकरण गर्न संस्थागत सुत्केरी प्रवर्द्धन मातृ तथा शिशु मृत्युको नियमित निगरानी प्रत्येक वडामा रहेका स्वास्थ्य सस्थामा मासिक रुपमा दक्ष जनशक्तीबाट गर्भवती महिलाहरुलाइ निशुल्क ग्रामीण अल्ट्रा साउण्ट (RUSG) सेवाको विस्तार गरी गुणस्तरीय मातृ तथा नवशिशु सेवाको प्रत्याभुति सहित **"पुर्ण संस्थागत सुत्केरी युक्त पालिका"** वनाउने अभियानलाई ब्यबस्थित गरि निरन्तरता दिइनेछ।

१२.स्वास्थ्य बिमामा आम नागरिकको सेवामा पहुँच बढाउन स्वास्थ्य बिमा प्रबर्धन सम्वन्धी जनप्रतिनिधी र स्वास्थ्यकर्मीहरुलाई तालिम तथा अन्तरक्रिया कार्यक्रम व्यापक रुपमा सञ्चालन गरि सबै नागरिकहरुलाई स्वास्थ्य बिमामा आबद्ध गराई स्वास्थोउपचारमा हुने ब्ययभार कम गराउने नीति अबलम्बन गरिनेछ ।

१३.पुर्ण खोप घोषणा सुनिश्चतता र दिगोपना कायम राख्न खोप संग सम्वन्धीत कार्यक्रमहरुलाई थप व्यवस्थित गराई निरन्तरता दिईनेछ, सामुदायिक स्वास्थ्य कार्यक्रमहरु खोप क्लिनिक, गाउँघर क्लिनिकमा खटिने खोप कार्यकर्ता वा स्वास्थ्यकर्मीहरुलाई उक्त दिनको यातायात खर्च व्यवस्था गरिनेछ।

१४.सुनौला १००० दिन भित्रका आमा तथा बाल बालिकहरुको पोषण अबस्थामा सुधार गर्न गर्भवती सुत्केरी तथा २ बर्ष मूनिका बाल बालिकाहरु र किशोरीहरुको लागि बिशेष पोषण कार्यक्रम सन्चालन गरिनेछ र ५ बर्ष मूनिका बाल बालिकाहरुको कूपोषण दर लाइ शून्य बनाउने नीति लिइनेछ।

१५.किशोरीहरुमा हुने कुपोषण र रक्तअल्पतालाई रोकथाम गर्न किशोरी आइरन कार्यक्रमलाई प्रभाबकारी बनाइनुको साथै बर्षमा कम्तीमा २ पटक किशोरीहरुको पोषण र रक्तअल्पताको अवस्था पत्ता लगाउन बिशेष कार्यक्रम सन्चालन र किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था विस्तार गर्ने निति अनुरुप शरीरिक परिवर्तन संगै मनोसामाजिक तथा भावनात्मक स्वास्थ्य सेवालाई उपयुक्त हुने र गोपनियतालाई कायम राख्ने गरी कार्यक्रम संचालन गर्न वजेटको व्यवस्था गरीनेछ।

१६.स्वास्थ्य चौकी न्यूनतम सेवा मापदण्ड कार्यक्रमले निर्दिष्ट गरेका सूचकहरुलाइ पुरा गर्न आबस्यक बजेट तथा सामग्रिको व्यवस्था गरि गुणस्तरीय स्वास्थ्य सेवाको सूनिश्चितता गरिनेछ।

१७.बिशेषज्ञ सहितको शिविर सन्चालनका लागि निजि तथा गैह्र सरकारी संघ सस्थासग सहकार्य गर्ने नीति अबलम्बन गरिनेछ।

१८.**"मेरो स्वास्थ्यः मेरो जिम्मेवारी"** को अवधारणा अनुरुप नागरिकलाई स्वास्थ्य जिवनशैली तर्फ अभिप्रेरित गर्न नागरिक आरोग्यता अभियान मार्फत **भान्सा सुधारः आरोग्यताको आधार** भन्ने नारा सहित भान्सा सुधार कार्यक्रममा पत्रु खाना (Junk food ) नियन्त्रण गर्न आवश्यक सचेतना कार्यक्रम संचालन गर्ने तथा नागरिक जीवन पद्धतिको रुपमा योग तथा ध्यानको प्रवद्र्धन गरिनेछ ।

१९.स्वास्थ्य प्रवाह लगायत कार्य सम्पादनको आधारमा हरेक बर्ष उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी र सा.म.स्व.से.हरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति लिइनेछ।

२०.समुदायको जनस्वास्थ्यमा आई पर्न सक्ने विपद तथा महामारी र अन्य संक्रमणलाई मध्य गरी RRT परिचालन तथा औषधी र स्वास्थ्य सामाग्री व्यवस्थापनमा वजेट व्यवस्था गरी प्रभावकारी सेवा प्रवाह गरिनेछ।

**<u>युवा तथा खेलकुद:</u>**

१. "एक वडा एक खेलकुद मैदान" निर्माणलाई आगामी तीन वर्षभित्र सम्पन्न गरिनेछ । खेलकुदसँग सम्बन्धित क्लबहरुलाई व्यवसायिकरण गराउँदै व्यवसायिक खेलाडी, प्रशिक्षक उत्पादनमा जोड दिइने छ । गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई व्यवस्थित गरिँदै लगिनेछ ।साथै धार्चे कप संचालन गरिनेछ ।

२. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग आवद्ध गरिनेछ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

६. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ ।

७. गाउँपालिकास्तरीय रंगशाला (धार्चे ५) निर्माण गर्न सम्भाव्यता अध्ययन गरि अन्य सरकार र संघसंस्थासँग साझेदारी गरि कार्यान्वयन गरिनेछ ।

**<u>भाषा, कला र संस्कृति:</u>**

१. धार्चे गाउँपालिकामा बोल्ने भाषा, कला सस्कृति, धार्मिक तथा साँस्कृतिक संरक्षण सम्बर्द्धनको लागि अध्ययन अनुसन्धान गरि दस्तावेजीकरण गर्न शुरुवात गरीनेछ।

२. स्थानीय रुपमा परम्परा मनाउदै आएको मकै बिवाह, घाटु नाच, साइवा नाच, छिज्यू नाच, माने नाच, नारा पर्व, आलु महोत्सव, तमु लोसार, तातोपानी जात्रालाई महोत्सवको रुपमा मनाई वाह्य तथा आन्तरिक पर्यटक प्रवद्र्वन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३. धार्चे गाउँपालिकाभित्र रहेका विभिन्न धर्म समुदाय र धार्मिक तथा पौरराणिक महत्व बोकेका शक्तिपिठहरुको अध्ययन अनुसन्धान गरी अभिलेख तयार गरिनेछ । विभिन्न जातजाति र समुदाय भित्र रहेको संस्कृतीलाई प्रबर्द्धन गर्ने कार्यक्रम संचालनमा जोड गरिनेछ।

४. गाउँपालिकाभित्र रहेका कला, साहित्य, संस्कृति संरक्षण एवं प्रबर्द्धन गर्न विभिन्न रचनात्मक कार्यक्रम गरिनेछ ।

**<u>महिला तथा सामाजिक संरक्षण विकास नीति:</u>**

१. गाउँपालिकाका सुत्केरी महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

२. पालिका भित्र रहेका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै महिलाका मूलभूत अधिकार सुनिश्चित गरिनेछ।

३. महिलाहरुको आर्थिक पक्षलाई सवल र सक्षम बनाउनको लागि महिलाहरुका लागि समन्वयात्मक रुपमा रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न आयमूलक, सीपमूलक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

४. राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाको सार्थक र समान पहुँचका लागि समान अवसरहरुको सिर्जना गर्नमा जोड दिइनेछ ।

५. आर्थिक क्षमताको आधारमा विपन्न एकल महिला पहिचान तथा वर्गिकरण गरी उनीहरुको आर्थिक स्तर वृद्धिमा ध्यान दिइनेछ । साथै एकल महिला समूह गठन गरी उनीहरुको आयआर्जन र सीप विकासको लागि सुरक्षा कोष सञ्चालन गरिनेछ ।

६. आर्थिक रुपमा विपन्न महिलाहरुको समूह गठन गरी आर्थिक स्तरोन्नतीका विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

७. महिला हिंसा विरुद्धको जनचेतनामुलक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८. स्थानीय तहको लैङ्गिक हिंसा निवारण कोष तथा बजेटको व्यवस्था गरी सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिनेछ ।

९. महिलाहरुको सहभागिता र सक्रियतालाई उत्प्रेरित गर्न महिला सहभागी योजना र कार्यक्रमहरुलाई बजेट विनियोजनमा प्राथमिकता दिइनेछ ।

**बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपांगता, आदिवासी जनजाति, दलित सम्बन्धी नीति:**

१. बालबालिकाहरुको सर्वोत्तम हितलाई प्रथामिक रुपमा ध्यानमा राख्दै बाल अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी, लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै सर्वाङ्गिण विकासमा योगदानका लागि उपयूक्त अवसर प्रदान गर्ने, र आगामी २ बर्ष भित्रमा बालमैत्री स्थानीय तह घोषणा गरिनेछ ।
२. अपाङ्गता भएका व्याक्ति, दलित, एकल महिला,लैङ्गिक सहभागिता समावेशीता समानुपातिक रुपमा लगायत लक्षित बर्गहरुको पहिचान गरि उनीहरुको आश्यकता र रुची पहिचानका साथै अवसर प्रदान गरी सिप क्षमता र योग्यता आधारमा रोजगारी, सशक्तिकरण, स्वावलम्वी, जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. स्थानीय समुदायहरुको पहिचान सहित पराम्परागत ज्ञान, सिप, सस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण संवर्द्धन र सम्मान गर्दै पुस्ताहस्तान्तरण गरि प्राप्त अवसर र लाभको न्यायोचित वितरणको व्यवस्था गरिनेछ ।
४. नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय द्बारा सञ्चालनमा ल्याएको software (SIMS) Social information management system सामाजिक सुचना व्यावस्थापन प्रणालीबाट अपाङ्गता परिचयपत्र र जेष्ठ नागरिक परिचयपत्र वितरण प्रणाली र अभिलेख व्यवस्थापनलाई Digitalization गरिनेछ ।
५. घुम्ति शिविर संचालन गरि अपांगता परिचय पत्र, ज्येष्ठ नागरिक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण तथा नवीकरण गरी उनिहरुको मौलिक हक र अधिकारलाई संरक्षण र सम्बर्द्धन गरिने छ।
६. वाल विवाह, अनमेल विवाह जस्ता सामाजिक विकृति, विसङ्गतिलाई न्यूनीकरण गर्न बनेको विद्ययमान कानुनलाई पूर्णता दिन नीतिगत व्यवस्था गरिने छ ।
७. बालबालिकाहरुमाथि हुने हिंसा, विभेद र शोषणलाई अन्त्य गरी बाल अधिकारको प्रवर्द्धन तथा बाल अधिकार संरक्षणको सुनिश्चितता गरिनेछ ।
८. दलितहरुको समान हक र अधिकारको प्रवर्द्धन, निर्णय प्रकृयामा समेत समावेशीकरण र उनीहरुको संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ ।
९. दलित समूदायको परम्परागत सीप, कला र संस्कृतिलाई संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गर्नका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
१०.दलित समूदायको सशक्तिकरणका लागि दलित युवायुवतिहरुलाई आयमूलक, रोजगारमूलक, सीपमूलक र चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

**न्यायिक समिति:**

१. स्थानीय स्तरका सामान्य प्रकृतिका विवाद समधानका लागि वैकल्पिक उपायहरु अवलम्वन गर्दै न्याय प्रशासनलाई छिटो, छरितो, मितव्यायी, सर्वसुलभ, पहुँचयोग्य, निष्पक्ष, प्रभावकारी र उत्तरदायी बनाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
२. न्यायिक समितिको कार्यालय, कार्यसम्पादन प्रभावकारी र व्यवस्थापन गर्नको लागि न्यायिक समितिको कार्यालय व्यवस्थापन गरिनेछ साथै वडाहरुका मेलमिलापकेन्द्रहरु व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।
३. न्यायिक समितिको कामकारवाहीलाई थप प्रभावकारी तथा व्यवस्थित बनाउनका लागि एकजना कानुनी कर्मचारीको व्यवस्था गरिनेछ ।

**भूमि तथा बस्ति विकासको व्यवस्थापन :**

१. आगामी आर्थिक बर्ष भित्र पालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको व्यवस्थापन भूमि आयोगको सहयोगमा गरिनेछ ।
२. भूमीको वर्गीकरण तथा भुउपयोग योजना बमोजिम भूमिको कर निर्धारण गरिनेछ ।
३. पालिकाको जोखिम भूगोल तथा वस्ती विकासको निम्ति एकीकृत बस्ती विकासको योजना निर्माण गरिनेछ।
४. गाउँपालिकाको वडा नं. ३ को लाक्पाल र वडा नं. १ को दाम्वाचेतको बस्ती सुरक्षित स्थानमा स्थानान्तरणको लागि सम्बन्धित निकायमा पहल गरि आगामी आर्थिक बर्षमा सम्पन्न गरिनेछ ।

## (ख) आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रम:

### राजस्व तथा कर नीति:

१. धार्चे गाउपालिकाको आर्थिक ऐन बमोजिम घर बहाल सम्पति कर तथा जडीबुटी कर कवाडी विज्ञापन कर लगायत ऐनमा उल्लेख भएबमोजिम राजस्व सकलन कार्यलाइ कडाइका साथ लागु गरिनेछ।
२. राजस्वका करको दरलाई केहि संशोधन गरि करका दायारालाई मात्र फराकिलो बनाईने छ ।
३. गाउपालिकामा रहेका खाजा घर,पसल लघुउद्यम घरेलु उद्योग स्थानिय तहको सरकारको रेकर्डमा अभिलेखीकरण गर्नको लागी करको दस्तुर लिइ दर्ता प्रक्रियालाइ कडाइका साथ लागू गरिनेछ।
४. आन्तरिक राजस्व वृद्धिको लागि धार्चे गाउँपालिकाले निर्माण गरेको आन्तरिक राजश्व सुधार कार्ययोजना अनुसार आन्तरिक राजस्व संकलन गरि धार्चे गाउँपालिकालाई आत्मनिर्भर बनाउन आन्तरीक राजश्व सुधार कार्ययोजना अनुसार आन्तरिक राजस्व संकलनमा वृद्धि गरिनेछ। साथै राजस्वका थप क्षेत्रहरु पहिचान गरी राजस्व वृद्धि गर्दै लैजाने नीति लिइनेछ।
५. व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरि व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणालीमा आवद्ध गर्ने साथै कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ।
६. आन्तरिक राजश्व संकलन कार्यलाई पारदर्शि एवं व्यवस्थित गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA)लाई पुर्ण रुपमा कार्यान्वयन गरिनेछ, साथै सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुलाई प्रभावकारी रुपमा SuTRA)तालिम दिईनेछ ।
७. भुमी कर (मालपोत कर) भु-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरु तयार गरी भुमि करका दर तथा दायरा निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

### कृषि सम्बन्धि नीति तथा कार्यक्रम:

१. धार्चेमा रहेको कृषि उत्पादनलाई Organic Market सँग जोड्नको लागी व्यावसयिकरण र आधुनिकिकरण गर्दै लैजाने उद्धेश्यले प्रबर्द्धनात्मक तवरबाट अगाडी बढाउनको लागि ***कृषकसँग धार्चेको हातेमालो*** भन्ने कार्यक्रम निरन्तरता दिईनेछ ।
२. गाउँपालिकालाई **अर्गानिक धार्चे** घोषणा गरि रासायनिक मलको आयतलाई निषेध गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै अर्गानिक उत्पादनको लागि कृषकहरुलाई जैविक विषादी तथा प्राङ्गरीक मल उत्पादनको लागि विविध तालिमको व्यवस्था गरिनेछ ।
३. पालिकाले रैथाने बाली (सिलाम, बोडी, कागुनो, जौ, तितेफापर, उवा, कोदो, मकै) तथा एक वडा एक साना पकेट क्षेत्र घोषणा गरी (आलु, अकबरे खुर्सानी, टिमुर, अलैची, कफी) लाई साना पकेट कार्यक्रम सञ्चालन गरी कृषकले उत्पादन गरेको आधारमा **कृषक नगद अनुदान** कार्यक्रम सञ्चालन गरिनेछ।
४. किसान सुचिकरणबाट सुचिकृत भएका कृषकहरुलाई कृषक परिचय पत्रको व्यवस्था गरिनेछ ।
५. धार्चे गाउपालिकामा भएको कुनै पनि उत्पादलाइ नेपालको बजारमा ब्रान्डिङ्ग र बजारीकरण गर्दै राष्ट्रिय बजारसँग जोड्नको लागि गाउँपालिकामा कृषि उत्पादनको संकलन केन्द्र र उक्त संकलन केन्द्रसगँ जोडिने गरी मोफसलमा व्यक्ति, कम्पनी हरियाली प्राकृतिक कृषि परियोजना वा गैरसरकारी सघसंस्थाको साझेदारी **Dharche Organic Market** आगामी आ व देखी सञ्चालनमा ल्याइनेछ ।
६. बाँझो जग्गामा खेति गर्नेलाई प्रोत्साहन गरिनेछ ।
७. धार्चे गाउँपालिलाई कृषि क्षेत्रमा थप प्रभावकारी बनाउनको लागि गाउँपालिकाले तरकारी तथा फलफुल बालीको नमुना नर्सरी तयार गरि कृषकहरुलाई आवश्यकता अनुसार वितरण गरिनेछ ।
८. माटोमा रहेको विभिन्न तत्वहरु जस्तै Macro Nutrient, Soil Horizone , Micro Nutrient हरु पत्ता लगाउनको लागि माटो परिक्षण शिविर संचालन गरी माटोको तत्वहरुलाई सन्तुलित राखी कृषि उत्पादनमा थप टेवा पुर्याईने छ ।
९. तरकारी खेती पर्वधन तालिम संचालन गरी धार्चेको विभिन्न वडामा तरकारी उत्पादन गरी स्थानीय बजारको माग पुर्ती गर्नुको साथसाथै केन्द्र स्तरको बजारमा समेत निर्यात बजारीकरण गरिनेछ ।
१०.गाँजा खेति, रेसम खेति, चिया खेती लगायतका कृषकलाई प्रत्यक्ष फाइदा पुग्ने खेतिका लागि सम्भाव्य अध्ययन गरिनेछ ।

### पशु सेवा सम्बन्धि नीति तथा कार्यक्रम:

१. गाउँपालिका भित्र आपूर्ति हुने मासुजन्य पदार्थमा आत्मनिर्भर हुने गरी पशुपालन व्यवसायमा पशु स्वास्थ्य शिविर, पशु विमा, पशु नश्ल सुधार, घाँस खेती, व्यावसायिक तालिम सञ्चालन गर्दै पशुपालन ब्यवसायलाई व्यावसायीकरण गर्ने उद्धेश्यले **पशुजन्य उत्पादनमा नगद अनुदान कार्यक्रम** संचालन गरिनेछ ।
२. पशुपालक किसान सुचिकरण गरि कृषक परिचय पत्रको व्यवस्था गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका महत्वपुर्ण खर्क तथा चरन क्षेत्रहरुको संरक्षण, सदुपयोग, तथा प्रवर्धन गर्दै उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने हेतुले चरन क्षेत्र, भेडिगोठ तथा गोठाला लक्षित कार्यक्रमहरुको आयोजना गरिनेछ ।
४. यस गाउँपालिका भित्र रहेका प्रमुख पशुजन्य उत्पादनहरु जस्तै; मासु, ऊनको संकलन, प्रसोधन तथा उचित बजारिकरणका लागि value chain निर्माणको सम्भाब्यता अध्ययन गरि चरणबद्ध रुपमा कार्यक्रम अगाडि बढाइनेछ ।
५. गाउँपालिका भित्रका कम उत्पादकत्व भएका स्थानीय जातका पशुहरुको उपचार, नश्ल सुधार, पशु बिमा, पशु स्वास्थ शिविर, घाँस खेतिको प्रोत्साहन जस्ता नियमित कार्यक्रमहरुमा विशेष ध्यान दिइनेछ ।
६. बाझो जग्गाहरुमा घाँस खेति गर्नेलाइ प्रोत्साहन गरिनेछ ।
७. चिसो पानीमा पालन गरिने रेन्बो ट्राउट माछा पालन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।
८. गाउँपालिकाको सौन्दर्यता, पर्यटकिय महत्व, भौगोलिक जटिलता(पहिरो) तथा पशुपोषणका हिसाबले समेत महत्वपुर्ण मानिएका र भुक्षय रोक्न सक्ने खालका घाँसखेति सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

<u>उद्योग तथा पर्यटन सम्बन्धि नीति तथा कार्यक्रम:</u>

१. **"धार्चेको जनताको समृद्धिको आधार : पर्यटनको पूर्वाधार"** भन्ने अभियानलाई सफल बनाउन धार्चे गाउँपालिकालाई साहसिक पर्यटन (**चट्टान आरोहरण, क्यानोनिङ्ग, प्याराग्लाडिङ्ग, भियाफतरा, माउन्टेन साइक्लिङ्ग, र्याफ्टिङ, जिपफ्लायर**) को पूर्वाधार निर्माण कार्यको थालनी गरी आगामी ३ बर्ष सम्म यस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२. कृषि पर्यटन (Agro-Tourism ) का माध्यमबाट धार्चेको प्रर्यटनलाई थप प्रवर्द्धको लागि कृषि पर्यटनको पूर्वाधारमा समेत विविध कार्यक्रमहरु गरिनेछ ।
३. पहिचान नभएका पर्यटकीय पदमार्गहरु (गणेश हिमाल, धार्चे डाडा, चुङ्गकाङ्ग भिरकोट, रुकाङ् डाडा, रुवीनाला, कालो पोखरी, निसराङ्ग ताल, आन्द्रा ताल, रुप्सी ताल, मापु ताल, नौली झरना, चिङगार, मन्जु गुफा, खोर्लाकोट डाँडा, दिङ्ला डाँडा, रुवीभ्यालीबाट धार्चे जोड्ने पदमार्ग निर्माण तथा पहिचान भएका पदमार्गहरुमा स्थानीय समुदायको जीवन पद्वतिमा सुधार ल्याउने गरी आवश्यक पूर्वाधारहरु निमार्ण गरिनेछ।
४. पर्यापर्यटन, सहासिक पर्यटन, साँस्कृतिक तथा धार्मिक पर्यटनलाई विशेष जोड दिई धार्चेमा रहेको गुरुङ, घले र दलित समूदाय र उनिहरुको धर्म र सँस्कृतिसँग सम्वन्धित चाडपर्व, जात्रा, नाचहरुलाई प्रचार प्रसार गरिनेछ।
५. न्याउली झरना, तातोपानी कुण्ड ,इमान सिं पार्क, गुफ्सी पाखा नमुना बस्तीलाइ पर्यटकीय स्थलको रुपमा थप प्रवर्द्धन गर्नका लागि आवश्यक कार्यक्रमहरु अगाडि बढाईनेछ ।
६. धार्चेको सास्कृतिक, ऐतिहासिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, सम्वर्द्धन, प्रवर्द्धनका साथै प्रचार प्रसार मार्फत् पर्यटन सस्कृतिको विकास गरि पर्यटन व्यवसायलाई व्यावस्थित र सुरक्षित वनाई प्राप्त लाभहरुको वितरणमा स्थानीय जनतालाई प्रथामिकता दिइनेछ ।
७. धार्चे डाँडा र लुम्बु पिकलाई पर्यटकीय स्थलको रुपमा प्रबर्द्धन गरिनेछ ।
८. धार्चेमा पर्यटन व्यवसायलाई थप प्रवर्द्धन गरि आय आर्जनसँग जोड्नका लागि युवाहरुलाई पर्यटन व्यवसायमा आकर्षित गर्दै अन्य संघसंस्थासँग साझेदारी गरि ट्रेकिङ तथा माउन्टेन गाईड सम्बन्धि तालिमको व्यवस्था मिलाईनेछ ।

<u>सहकारी सम्बन्धि नीति तथा कार्यक्रम:</u>

१. स्थानीय साधनश्रोतलाई प्रयोग हुने गरी स्थानीय समुदायको मजदुरीलाई आयआर्जनसँग जोडिने गरी यहि आर्थिक बर्ष देखी **श्रम सहकारी नीति लागू** गरि विकास निर्माणसँग जोडिनेछ । यस कार्यको लागि श्रम सहकारी दर्ता तथा सञ्चालन ऐन, नियम, कार्यविधि लागु गरिनेछ।
२. नेपाल सरकारको तीन खम्वे आर्थिक नीति अनुरुप गाउँपालिकाभित्र रहेका सहकारीहरु मार्फत परिचालन हुने पूँजीलाई जनताको समृद्धिसँग जोड्नको लागि सहकारीहरुले कृषि तथा पशु व्यावसायमा निश्चित ऋण परिचालन गर्ने गरी सहकारी संस्थाहरुलाई परिचालन गरिनेछ ।
३. सहकारी सिद्धान्त तथा नीति अनुरुप सहकारी संस्थाहरु संचालन र व्यवस्थापन भए नभएको सम्बन्धमा कडाईका साथ नियमन, अनुगमन र निग्रानी गर्नुका साथै सहकारीको लेखा प्रणालीलाई पारदर्शी वनाउनका लागि COPOMIS प्रणालीमा अनिवार्य रुपमा आवद्ध गरिनेछ ।
४. सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

**स्वरोजगार कार्यक्रम:**

१. **"मेरो पेशा आफ्नो आम्दानी"** भन्ने अवधारणामा आधारित रहेर स्थानिय समुदायको समृद्धिमा टेवा पुग्ने गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम व्यवस्थित गरिनेछ।

२. समुदायमा रहेका विभिन्न वर्गलाई आयआर्जनमा जोडिने गरी व्यावसायिक तालिमको व्यवस्था गरिदै स्वरोजगारीको वृद्धि गरिनेछ।

३. गाउपालिकाको निश्चित टोल वा बस्तीको त्यस समुदायमा रहेका निश्चित घरधुरीहरु आफैले दैनिक, साप्ताहिक, मासिक रुपमा बचत गरी त्यसै समुदाय भित्र मात्र उक्त बचत खर्च गर्ने गरी गाउपलिकाले बीउ पुजीको रुपमा अनुदान उपलब्ध गराइ **"समुदायमा आधारित लोक कल्याणकारी कोष** "स्थापना गरिनेछ। त्यस कोषको बचत त्यसै समुदायको आयआर्जनको विभिन्न उत्पादनमुलक क्षेत्रमा खर्च गर्ने स्वरोजगारको सृजना गरिनेछ ।

४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सिमाभित्र रहि उत्पादनमुखि रोजगारमूलक आन्तरिक आय वृद्धि तथा पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्नेछ ।

**(ग) पूर्वाधार विकास सम्बन्धि निति तथा कार्यक्रम:**

**सडक:**

१. **एक वडा एक रणनीतिक सडक** वडा तथा स्वास्थ्य कार्यलय जाने सडक जोडिने गरी बाह्रै महिना सञ्चालनमा हुने गरी परम्परागत प्रविधिलाई समेत मध्यनजर गर्दै, स्थानिय साधान श्रोतको प्रयोग हुने गरी सडक स्तरोन्नतिमा विशेष जोड दिइनेछ।

२. यातायात पूर्वाधार विकासको मेरुदण्ड भएको र बाढी तथा पहिरोको अति सवेदनशील क्षेत्र भएकोले यसको दिगो तथा उत्थानशिल, वातवरण मैत्री वनाउनको लागि यातायात गूरुयोजना वनाई DPR गरी सडक तथा वाटोहरुको निर्माण गरिनेछ।

३. गाउँपालिकाभित्र अति आवश्यक बाहेक सडकको नयाँ ट्र्याकलाइ निरुत्साहित गरिदै सडक स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ।

४. सडक गुरुयोजना तयार गरि गाउँपालिकाभित्र रहेका सडकहरुलाइ रणनितिक महत्वको आधारमा वर्गीकरण गरिनेछ । वर्गीकृत सडकको आधारमा सडकको Right Of Way को निश्चित मापदण्ड तयार गरिनेछ।

५. सडक सञ्जालमा जोडिन बाकिँ ठाँटि मोटरबाटोलाई आगामी आर्थिक वर्षमा जोडिनेछ।

६. थमन भिसि मार्ग र सर्जङवेशी काशीगाउँ सडकलाई निरन्तरता दिईनेछ ।

७. मुख्य सडकहरुको सरसफाई एवम् सडकमा हुने सानातिना अवरोधहरुलाई तत्काल हटाई सवारी तथा मानिसहरको आवतजावतलाई सरल र सहज बनाउनका लागि सडक हेरालुको व्यवस्था मिलाईनेछ ।

**पुल पुलेसा:**

१. विभिन्न निकाय संग साझेदारी गर्दै, गाउँपालिका भित्र रहेका काठेपुललाई विस्थापित गरी अभियानको रुपमै झोलुङ्गे पुलहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२. सघं र प्रदेश सरकारको आर्थिक सहयोगमा धार्चेको सबै वडाहरुलाई पालिकाको केन्द्र सगँ जोडिने गरी बुढीगण्डकि नदीमा मोटरेवल पुल निर्माणलाई विशेष पहल गरिनेछ।

३. गाउँपालिकाको वडा नं. १ स्थित यारुबगरमा रहेको नेपालकै पहिलो क्यान्टिलिभर पुललाई संरक्षण गर्दै थप मर्मत सम्भारको व्यवस्था मिलाईनेछ ।

**विद्युत तथा वैकल्पिक उर्जा नीति:**

१. "जलविद्युतको व्यापार: समृद्धिको आधार" भन्ने मुल उद्धेश्य/अभियान सहित जलविद्युतको उत्पादन र उत्पादकत्वमा विशेष जोड दिईनेछ ।

२. गाउँपालिकाभित्र रहेको जलश्रोतबाट प्रचुर विद्युत उत्पादनको संभावना रहेको हुँदा विद्युत प्रवर्द्धक तथा उत्पादक कम्पनीहरुलाई आकर्षित गर्दै जल विद्युत उत्पादनमा सहयोग समन्वय तथा सहजीकरण गरिनेछ ।

३. गोरखाको उत्तरी क्षेत्रको विद्युत उत्पादनलाई केन्द्रिय ग्रिडमा प्रसारण गर्न गराउनको लागि २२०/४०० के.भि.ए. सव स्टेशनको निर्माणको लागि सम्बन्धित निकायसँग समन्वय र सहजिकरण गरिनेछ ।

४. वजार क्षेत्रमा सडक वत्ती, विद्यालय, स्वास्थ्य तथा वडा कार्यालयहरुमा बैकल्पिक उर्जाको प्रयोग गर्ने कार्यलाई विस्तार गरिनेछ ।

५. दाउरा र जैविक उर्जाको प्रयोगलाइ कम गर्दै लैजान बायोग्यास सुधारिएको चुलो बायो ब्रिकेट विद्युत सोलार र एल पि ग्यास तथा वीकरणीय उर्जा प्रविधिको उपयोगको प्रबर्द्धन एव विस्तार गरिनेछ ।

६. बजार तथा ग्रामिण मुख्य र घना वस्तिहरुका मुख्य चोकहरुमा सौर्य बत्ति जडान गरि मानवीय जनजीवनलाई सरल र सहजता प्रदान गरिनेछ ।

**आवास, भवन तथा बस्ती विकास निति:**

१. दिगो, वातावरणमैत्री तथा विपद प्रतिरोधि आवास, भवन तथा बस्ति विकासमा जोड दिईनेछ ।

२. गाउँपालिकाको प्रशासनिक भवन निर्माणलाई तिब्रता पुर्वक निर्माण सम्पन्न गरिनेछ ।

३. समुदायमा आवश्यकता अनुसार पर्ने सवै कार्यक्रमहरु गर्न, समुदायमा रहेका संघ संस्था लगायत आमा समूह, यूवा क्लवहरुले कार्यालय प्रयोग गर्न मिल्ने, प्राकृतिक विपद् आईपर्दा अस्थायी आवासको रुपमा प्रयोग गर्न मिल्ने, तरकारी संकलन केन्द्र तथा हाटबजारमा समेत प्रयोग गर्न मिल्ने गरी समुदायमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माणमा विशेष जोड दिइनेछ ।

४. नयाँ बन्ने RCC घरहरुको हकमा गाउँपालिकाले भवन निर्माण आचार संहिता तथा घर नक्सा पास कार्यलाई आगामी बर्ष देखी पुर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

५. ऐतिहासिक ग्रामिण घना बस्तीहरुमा परम्परागत प्रविधिलाई प्रयोग गरी ढल निकासको व्यवस्थापन गरिनेछ ।

**सिंचाई:**

१. कृषि उत्पादनमा जोड दिने गरि अति आवश्यकिय खेतियोग्य जमिनमा साना, मझौला तथा थोपा सिंचाई योजनाहरुलाई प्राथमिकता दिइनेछ। साना सिंचाई अन्तर्गत पर्ने कुलोहरु मर्मत सम्भार, निर्माण लगायत नयाँ प्रविधिमा आधारित सिंचाई योजनाद्वारा खेतीयोग्य जमिनमा सिंचित गर्ने कार्यलाई विस्तार गरिनेछ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमः**

**खानेपानी तथा सरसफाई नीतिः**

१. पालिकामा "एक घर एक धारा" को अवधारणा अनुसार संघ, प्रदेश सरकार तथा विभिन्न सघंसंस्थाको साझेदारीमा खानेपानी योजना सञ्चालनमा जोड दिईनेछ । साथै आगामी ३ वर्ष भित्रमा एक घर एक धाराको अभियानलाई सम्पन्न गरीनेछ। साथै खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति अन्तर्गत परम्परागत पानीको श्रोतको संरक्षणमा जोड दिइनेछ।

२. प्रत्येक नागरिकको स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको मौलिक हकलाई सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थाहरु संगको सहकार्यमा खानेपानी तथा सरसफाई गुरुयोजना तयार गरिनेछ ।

३. गाउँपालिकाको केन्द्र रहेको माछिखोला बजार लगायत खोर्लाबिशी बजारलाई **Clean & Green Environment** मार्फत स्वच्छ, सफा र हराभरा वातावरणयुक्त बनाउन पहल गरिनेछ ।

४. ग्रामीण मुख्य बस्तिहरुमा फोहोरमैलाको उचित व्यवस्थापनका लागि उपयुक्त स्थानको खोजी गरि डम्पिङ साईट निर्माण गरि फोहोर व्यवस्थापन गरिनेछ ।

५. सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**विपद् व्यवस्थापन नीति:**

१. सार्वजनिक विकास निर्माण प्रक्रियालाई दिगो वनाउनका लागि विपद जोखिम न्यूनीकरणको अवधारणाबाट विकासका योजनाहरु संचालन तथा व्यवस्थापन गरिनेछ ।

२. विपद जोखिम न्यूनीकरण, विपद प्रतिकार्य र विपद पुनर्लाभमा विशेष जोड दिई आईपर्ने सम्भावित विपदवाट उत्थानशिल समुदायको विकासलाई जोड दिईनेछ ।

३. वहुआयमिक विपदका दृष्टिकोणले जोखिमयुक्त स्थान पहिचान गरी नक्सांकन गरिनेछ । साथै सातवटै वडाहरुमा विपदका बेला प्रयोग गर्ने गरि खुला क्षेत्र पहिचान गरि विकास गरिनेछ ।

४. स्थानीय विपद प्रतिकार्य योजना तर्जुमा गरी लागु गरिनेछ । साथै विपदमैत्री विकास निर्माणमा जोड दिईनेछ ।

५. जोखियुक्त वस्तिको स्थान्तरण तथा एकिकृत बस्ती बिकासको लागि सम्भाव्यता अध्ययन, योजना निर्माण र अन्य संघ-संस्थासँग समन्वय गरिनेछ ।

६. विपदमा परेकाहरुको लागी आवश्यक राहत र पुनःस्थापनाको संघ र प्रदेश सरकारको समन्वयमा व्यवस्था गरिनेछ ।

७. गाउँपालिकाद्वारा विपद जोखिममा परेका व्यक्ति र समुदायलाई सहयोग पुग्ने गरी आकस्मिक आर्थिक सहयोग प्रदान गर्न आकस्मिक विपद व्यवस्थापन कोष संचालनमा गरिनेछ ।

**वन, वातावरण तथा भु-सरक्षण:**

१. धार्चेमा रहेको राष्ट्रिय वन, सामुदायिक वन, लेक, खर्क कृषकको जग्गामा नै उत्पादन हुने गरी वहुमुल्य जडिवुटिको खेतीको अध्ययन अनुसन्धान गरी जडिवुटिको खेतीको विस्तार गरिनेछ ।
२. प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा धार्चेमा जडिवुटिको संभावनाको अध्ययन तथा व्यवसयीकरणका लागि आवश्यक पहल गरिनेछ ।
३. डढेलो सल्काउने, खुला शिकार गर्ने, जडिबुटी चोरी गर्ने जस्ता अपराधि पत्ता लगाई सुराकी गर्ने व्यक्तिलाई रु. १०,००० नगद पुरस्कार उपलब्ध गराइनेछ तथा उजुरीकर्ताको सम्पूर्ण विवरण गोप्य रुपमा राख्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइने छ ।
४. बुढीगण्डकी जलाधार संरक्षणको लागि सम्बन्धित निकायमा समन्वय गरी संरक्षणको व्यवस्था मिलाइनेछ ।
५. खालि डाडाँपाखाहरुमा वृक्षरोपण गरि पहिरो नियन्त्रणका उपायहरु अवलब्धन गरिनेछ । साथै विभिन्न पहिरो नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

**फोहोर मैला व्यवस्थापन:**

१. फोहोर मैलाको घरघरमा उचित वर्गिकरण गरि गराई दिगो व्यवस्थापनमा जोड दिईनेछ ।
२. धार्चे गाउँपालिकामा प्लाष्टिक झोला प्रयोगमा निरुत्साहित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।
३. **हरेक महिना हरेक हप्ताको शनिबार** सरकारी कार्यलय, विद्यालय तथा सबै टोल समुदायको सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ ।
४. बजार क्षेत्र, बाक्लो बस्तीहरुलाई मध्यनजर गरी फोहोर मैला व्यवस्थापनको लागि फोहोर संकलन तथा साना/साना फोहोर संकलन केन्द्र स्थापना गरी डम्पिङ्ग साईटको व्यवस्थापन गरिनेछ ।

**(ङ) सुशासन तथा संस्थागत विकास सम्बन्धि नीति तथा कार्यक्रम:**

१. गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, स्वच्छ, निष्पक्ष, पारदर्शी, गुणस्तरीय, सेवाग्राहीमैत्री तथा प्रभावकारितामा जोड दिइनेछ ।
२. गाउँपालिकाबाट हुने सेवालाई प्रविधिमैत्री बनाउन सबै वडा कार्यलय, स्वास्थ्य चौकी तथा विद्यालयहरुमा भरपर्दो इन्टरनेटको व्यवस्था गरिनेछ ।
३. गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन गर्दै उक्त कार्यक्रमहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, प्रगति समीक्षा, चौमासिक समिक्षा जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय शुसासन कायम गरिनेछ ।
४. गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सबै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ । कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।
५. गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैरसरकारी संस्थाले कार्यक्रम गर्नु पुर्व अनिवार्य अनुमति र सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।
६. जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।
७. गाउँपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी वनाइनेछ।
८. वडामा सचिवको कामलाई थप प्रभावकारी व्यवस्थित, छिटो छरितो, कुशल बनाउन र राजश्व संकलन, पञ्जिकरणको काम समेत गर्नको लागि सहायक चौथो तहको कर्मचारीको व्यवस्था गरिनेछ ।
९. गाउँपालिकाको संस्थागत क्षमता स्वमुल्यांकन प्रणाली (LISA) तथा वित्तिय सुशासन जोखिम मुल्याङ्कन प्रणाली (FRA) लाई तोकिएको समयसिमाभित्र सूचना तथा अभिलेख प्रविष्ट गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

**<u>अध्यक्ष आर्थिक सहायता कोष:</u>**

अध्यक्ष आर्थिक सहायता कोष खडा गरि आवश्यकतानुसार कार्यविधि बनाई खर्च गर्ने नीति अख्तियार गरिनेछ ।

**<u>समपुरक (साझेदारी) कोषको व्यवस्था:</u>**

१. धार्चेको समग्र विकासमा विकास साझेदारहरुसँग हातेमालो गर्न संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था, निजि क्षेत्र, सहकारी क्षेत्रहरुसँग विकास तथा सेवा प्रवाहमा समन्वय र सहकार्य गर्ने गरी बजेटमा **समपुरक (साझेदारी)** कोषको व्यवस्था गरिनेछ ।

धन्यवाद ।

..........................

**लक्ष्मण गुरुङ**

**अध्यक्ष**

**जय धार्चे ।**

**मिति २०८१।०३।१० गते रोज २ शुभम् ।**